# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड- ९  मण्डनदेउपुर,  पुष २५ गते,  २०८२ साल   संख्याः ७

## भाग-२

# खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८२

*कार्यपालिकाबाट पारित मिति: २०८२/०९/२४*
*प्रमाणीकरण मिति: २०८२/०९/२५*

**प्रस्तावनाः** मण्डनदेउपुर नगरपालिकाको खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि , २०७६ लाई संशोधन गर्न वाञ्छनिय भएकोले ऐ कार्यविधिको दफा २५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १. खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७६ लाई संशोधन गर्न बनेको कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि नगरकार्यपालिकावाट पारित भई प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ।

**२. मुल कार्यविधिको दफा १२ को उप दफा (१) पछि देहायको उपदफा (२) र (३) थप गरिएको छ।**

(२) यस नगरपालिका अन्तर्गत दर्ता भएका तर कार्यविधिको दफा ९(१)बमोजिम नविकरण नभएका एवं दफा १२(१) वमोजिम सूचिकृत नभएका नगरिपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका खानेपानी उपभोक्ता समितिहरुलाइ यो कार्यविधि लागु भएपश्चात एक पटकको लागि ३५ दिने सूचना जारि गरि नविकरण तथा सूचिकृत हुने व्यवस्था मिलाइनेछ।

(३) उपदफा (२) बमोजिम सूचना जारि भएपश्चात नविकरण वा सूचिकृत हुन आउने रित पुरा भएका खानेपानी उपभोक्ता समितिहरुलाइ कार्यविधिको दफा ९ को उपदफा (२) वमोजिम शुल्क लिइ नविकरण /सूचिकृत गराउनुपर्नेछ।

**आज्ञाले,**

**(अमृत कुमार धिताल)**

**प्रमुख प्रशासकीय अधिकृत**

**मुल्य रु. ५ मात्र**